बैठक संख्या: ०९

आज मिति २०८१।१२।३१ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम वहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद वेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री वुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम वहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री वावुराम पौडेल | सदस्य-सचिव |
| श्री विपिन खतान | प्र.अ. |

मिति २०८१/१२/३१

निर्णयहरु:

१. ईलाका प्रहरी कार्यालय सुन्दरीडाँडाको जग्गा प्राप्ती सम्बन्धमा ।

ईलाका प्रहरी कार्यालय सुन्दरीडाँडाको जग्गा प्राप्ती सम्वन्धमा सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड २०७७ को दफा ७ को (ग) मा स्थानीय तहको कार्यपालिकाको बैठकबाट जग्गा उपलब्ध गराउने निर्णय सहित स्थानीय तहको सिफारिस गर्ने व्यवस्थानुसार ईलाका प्रहरी कार्यालय सुन्दरीडाँडाको जग्गा प्राप्तीका लागि सिफारिस दिने निर्णय गरियो

२. LIDO संग झोलुङ्गे पुल निर्माण सम्झौता नविकरण सम्बन्धमा ।

विगत आ.व. देखि नै लिडोले यस नगरपालिका अन्तर्गत विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माणको कार्यहरु गर्दै आएको र उक्त संस्थासंग गरिएको सम्झौताको म्याद २०८२ आषाढ मसान्तसम्मका लागि नविकरण गर्ने निर्णय गरियो ।

३. विभिन्न कार्यविधि सम्वन्धमा ।

विधेयक समितिबाट विभिन्न मितिमा सिफारिस भई आएका देहायका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

क. बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८१

ख. सीप विकास तालिम संचालन कार्यविधि, २०८१

४. तेश्रो त्रैमासिक समीक्षा सम्वन्धमा ।

आ.व. २०८१/०८२ तेश्रो त्रैमासिक विवरण देहाय बमोजिम प्रस्तुत गरि समिक्षा गरियो ।

| विवरण | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ६५,९३,८५,५००.०० | ३८,६८,३०,७१०.२८ | ५८.६६ |
| पूँजीगत | ३,२२,३८,८०००.०० | ४९,७३,१५५९.०० | १५.४२ |
| जम्मा | ९८,१७,७३,५००.०० | ४३,६५,६२,२६९.२८ | ४४.४६ |

सामाजिक सुरक्षा तर्फः

| विवरण | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| सामाजिक सुरक्षा | २८,८१,९५,०००.०० | २१,८५,९९,४४५.०० | ७५.८५ |

५. मलेप प्रतिवेदन सम्वन्धमा ।

महालेखा परिक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को लेखा परिक्षण गरी प्रारम्भिक प्रतिवेदन दिएकोमा सो माथी छलफल गरी अशुल उपर गर्नु पर्ने वेरुजुलाई कडाईका साथ अशुल उपर गर्ने र प्रमाण जुटाउनु पर्नेलाई यथाशिघ्र प्रमाण जुटाउने, नियमित गर्नु पर्ने वेरुजुलाई आवश्यक कागजात संकलन गरि आगामी नगरसभाबाट नियमित गर्ने निर्णय गरियो ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

६. **WASH Plan Implementation बिउ पूँजी रकम सम्बन्धमा ।**

WASH Plan Implementation बिउ पूँजी रकमबाट शिवराज नगरपालिका वडा नं. ११ मा रहेको थुन्हिया स्वास्थ्यचौकीमा खानेपानी तथा सरसफाईको कार्य गर्ने निर्णय गरियो ।

७. **स्वास्थ्य बिमा र पोष्टमार्टम इन्सेन्टिप सम्बन्धमा ।**

शिवराज नगरपालिका अन्तर्गत संचालित आधारभूत स्वास्थ्य सेवा अस्पतालको लागि हिउँदे नगरसभाबाट स्वास्थ्य बिमा र पोष्टमार्टम इन्सेन्टिप शिर्षकमा विनियोजित रकम आधारभुत स्वास्थ्य सेवा अस्पतालको खातामा पठाउने निर्णय गरियो ।

८. **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी लगत संकलन समितिमा सदस्य तोक्ने सम्बन्धमा ।**

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी लगत संकलन सम्वन्धि कार्यविधिको दफा ४ मा भएको व्यवस्था बमोजिम सहजिकरण समितिमा कार्यपालिका सदस्यहरुलाई सदस्य तोक्ने सम्बन्धमा तपसिलका उल्लेखित सदस्यहरुलाई तोक्ने निर्णय गरियो

क. दलित सदस्यः प्रेम बहादुर सुनार

ख. महिला सदस्यः विष्णु कुँवर पाण्डे

९. **DPR स्वीकृत सम्बन्धमा ।**

शिवराज नगरपालिका अन्तर्गत चन्द्रौटा हाट बजार र वसपार्कको DPR स्वीकृत गर्ने निर्णय गरियो ।

१०. **योग भवन रजिष्ट्रेशन शुल्क सम्बन्धमा ।**

शिवराज नगरपालिका वडा नं. ५ मा निर्माण हुन लागेको योग भवनको लागि जग्गा प्राप्तीको सम्बन्धमा जग्गा रजिष्ट्रेशन शुल्क वापतको रकम सोही योजनाको कन्टेन्जेन्सी शिर्पकबाट व्यहोर्ने निर्णय गरियो ।

११. **प्राविधिक धार सम्बन्धमा ।**

शिवराज ४ समयथानमा रहेको समयथान विद्यालयमा प्राविधिक धार अध्यापनको लागि संभाव्यता अध्ययन गरि एक हप्ता भित्र प्रतिवेदन दिने गरि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

सामाजिक विकास समिति संयोजक टेकलाल सापकोटा - अध्यक्ष

नसिम अहमद - सदस्य

विक्रम के.सी. - सदस्य

पूर्णवहादुर विश्वकर्मा - सदस्य-सचिव

१२. **नगर प्रमुखको सचिवालय कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

यस नगरपालिकाको स्वीकृत संगठन संरचना तथा शिवराज नगरपालिका सचिवालय गठन तथा संचालन कार्यविधि २०८१ बमोजिम सेवा शर्त हुने तथा नगर प्रमुखको प्रशासनिक कामकाजमा समेत आवश्यक सहयोग गर्ने गरि नगर प्रमुखले तोकेको एक जना व्यक्तिलाई यस नगरपालिकाको नगर प्रमुखज्यूको सचिवालयमा स्वकीय सहायक (चौथो तह)/सहायक कम्प्युटर अपरेटर पदमा करार सेवामा नियुक्ति गरि कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख